# भ्रष्टाचार निवारण ऐन, २०१७

**लालमोहर र प्रकाशन मिति**

**२०१७।१२।१७**

| **संशोधन गर्ने ऐन** | **लालमोहर मिति** | **प्रकाशन मिति** |
|---|---|---|
| १. नेपाल ऐनहरू संशोधन गर्ने ऐन, २०१८ | २०१८।८।२३ | २०१८।९।१३ |
| २. नेपाल ऐनहरू संशोधन गर्ने, खारेज गर्ने र पुनः व्यवस्थित गरी चालू राख्ने ऐन, २०१९ | २०१९।१२।३० | २०१९।१२।३० |
| ३. भ्रष्टाचार निवारण (संशोधन) ऐन, २०२२ | २०२२।१२।१० | २०२२।१२।१० |
| ४. भ्रष्टाचार निवारण (दोस्रो संशोधन) ऐन, २०२६ | २०२६।५।१९ | २०२६।५।१९ |
| ५. न्याय प्रशासन सुधार ऐन, २०३१ | २०३१।४।१८ | २०३१।४।१८ |
| ६. प्रशासन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०३९ | २०३९।९।८ | २०३९।९।८ |
| ७. न्याय प्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ | २०४३।७।२४ | २०४३।७।२४ |
| ८. भ्रष्टाचार निवारण (तेस्रो संशोधन) ऐन, २०४४ | २०४४।६।९ | २०४४।६।९ |
| ९. न्याय प्रशासन ऐन, २०४८ | २०४८।२।१६ | २०४८।२।१६ |
| १०. भ्रष्टाचार निवारण (चौथो) संशोधन ऐन, २०४८ | २०४८।२।२१ | २०४८।२।२१ |

नेपाल कानून आयोग

<u>२०१७ सालको ऐन नं. ३०</u>

स्वस्तिश्री गिरिराजचक्रचुडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा अतिओजस्वी त्रिभुवनव प्रजातन्त्र श्रीपद ऊँरामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रवल गोरखादक्षिणबाहु महाधिपति फिल्डमार्शल र सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जंगबहादुर शाह बहादुर शमशेर जंगदेवानाम् सदा समर विजयिनाम् ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस ऐनको नाम "भ्रष्टाचार निवारण ऐन, २०१७" रहेको छ।

(२) यो ऐन नेपाल भर लागू हुनेछ र जहाँसुकै रहे-बसेका भए तापनि सबै राष्ट्रसेवक र नेपाली नागरिकहरू समेतलाई लागू हुनेछ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "राष्ट्रसेवक" भन्नाले देहाय बमोजिमको व्यक्ति सम्झनु पर्छः-

(१) श्री ५ तथा श्री ५ को सरकार वा कुनै संगठित संस्थाप्रति लिएको शपथ वा श्री ५ तथा श्री ५ को सरकार वा कुनै संगठित संस्थासँग गरेको शर्त वा कबूलियत वा सम्झौताबाट प्राप्त भएको नियुक्ति हुने, मनोनयन हुने वा निर्वाचित हुने कुनै लाभको पद धारण गरेको व्यक्ति, वा

(२) सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको व्यक्ति, वा

(३) श्री ५ को सरकारले समय-समयमा नेपाल राजपत्रमा प्रकाशित सूचनामा राष्ट्रसेवक भनी तोकिदिएको व्यक्ति।

**स्पष्टीकरणः** यस खण्डको प्रयोजनको लागिः-

(क) "लाभको पद" भन्नाले श्री ५ तथा श्री ५ को सरकारको वा कुनै संगठित संस्थाको तर्फबाट ठेकिएको कुनै तलव वा भत्ता वा पारिश्रमिक वा अन्य आर्थिक सुविधा पूरा वा आंशिक रुपले पाउने गरी नियमित रुपले वा कहिले काहीँ मात्र गरे हुने काम-कर्तव्य तोकिएको पद र श्री ५ तथा श्री ५ को सरकारको वा कुनै संगठित संस्थाको तर्फबाट कुनै आर्थिक सुविधा नलिई काम गरे पनि सरकारी वा त्यस्तो संस्थाको अन्य सुविधा वा अधिकार प्राप्त भएको पद सम्झनुपर्छ।

नेपाल कानून आयोग

(ख) "सार्वजनिक जवाफदेहीको पद" भन्नाले पारिश्रमिक ठेकिएको वा नठेकिएको जे भए तापनि कुनै रुपमा नियुक्त हुने वा निर्वाचित हुने वा मनोनयन हुने कानूनी मान्यता प्राप्त सार्वजनिक काम, कर्तव्य र अधिकार भएको पद सम्झनुपर्छ।

(ग) "राष्ट्रसेवक" को कुनै पदमा कुनै खास व्यक्ति बहाल रहनमा कानूनी बाधा परेको भए तापनि सो पदमा बहाल रहेसम्म निज राष्ट्रसेवक नै मानिनेछ।

(ख) "विशेष प्रहरी विभाग" भन्नाले यो ऐन अन्तर्गत भ्रष्टाचार निवारणको काममा खटिएका, लगाइएका वा तोकिएका नेपाल प्रहरी फोर्सका कर्मचारीहरू र सो काममा सोही किसिमले रहेका अरु सरकारी कर्मचारीहरूको सामूहिक संगठन सम्झनुपर्छ।

[1](ग) "विशेष प्रहरी अधिकृत" भन्नाले विशेष प्रहरी विभागको मुख्य अधिकृत, सो विभागको निजामती सेवा तर्फका राजपत्रांकित अधिकृत वा सो विभागको प्रहरी सेवा तर्फका निरीक्षक वा सो भन्दा माथिल्लो दर्जाको प्रहरी अधिकृत सम्झनुपर्छ र सो शब्दले यो ऐन अन्तर्गत भ्रष्टाचार निवारणको काममा खटिएको वा लगाएको अधिकृत तहका अन्य कुनै सरकारी कर्मचारीलाई समेत जनाउँछ।

(घ) "कसूरको मात्रा" भन्नाले यो ऐन अन्तर्गत सजाय हुने कसूर गरी वा गर्ने प्रयत्न गरी कुनै व्यक्तिलाई अनुचित लाभ पुऱ्याएको वा पुऱ्याउने नियत गरेको वा राष्ट्रलाई वा श्री ५ को सरकारलाई वा सरकारी मान्यता प्राप्त कुनै संस्था वा कुनै व्यक्तिलाई अनुचित हानी पुऱ्याउने नियत गरेको अवस्था, परिस्थिति र यसप्रकार कसूर गर्ने व्यक्तिको योग्यता र ओहदा समेतको आधारमा निर्धारित गरिने कसूरको मात्रा सम्झनुपर्छ।

(ङ) "हानी" भन्नाले कसैको शरीरमा, मनमा, ख्यातिमा वा सम्पत्तिमा गैर-कानूनी तबरले गरेको हानी-नोक्सानी सम्झनुपर्छ।

(च) "रिसवत" भन्नाले रकम, कलम, दै दस्तुर, सलामी, इनाम, बकस वा नगदी वा जिन्सी जुनसुकै आर्थिक लाभ सम्झनुपर्छ।

नेपाल कानून आयोग

[1] प्रशासन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०३९ द्वारा थप।

[2](छ) "प्रशासकीय अदालत" भन्नाले नेपाल निजामती सेवा ऐन, २०१३ अन्तर्गत गठित प्रशासकीय अदालत सम्झनुपर्छ ।

## परिच्छेद - २

## कसूर र दण्ड सजाय

३. **राष्ट्रसेवकले आफ्नो ओहदाको काम बापत कानूनी पारिश्रमिक बाहेक अरु रिसवत लिएमा हुने दण्ड सजायः** राष्ट्रसेवक भएको वा हुने भएको कुनै व्यक्तिले आफ्नो ओहदाको वा सो सम्बन्धी कुनै काम गर्न वा गरिदिए बापत वा नगर्न वा नगरी दिए बापत वा आफ्नो ओहदाको वा सो सम्बन्धी कुनै काम गर्दा कुनै व्यक्तिलाई मोलाहिजा वा अनिष्ट गर्न वा गराई दिए बापत वा नगर्न वा नगरी दिए बापत आफ्नै वा अरु कसैको निमित्त कानूनले लिन पाउने पारिश्रमिक बाहेक अरु रिसवत कसैबाट लिएमा वा लिन मञ्जुर गरेमा वा लिने प्रयन्त गरेमा निजलाई कसूरको मात्रा अनुसार २ वर्षदेखि ६ वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ । रिसवत लिइसकेको भए सो रिसवत समेत जफत भई सरकारी कोषमा दाखिला गरिनेछ ।

**स्पष्टीकरणः** (क) "कानूनले लिन पाउने पारिश्रमिक" भन्नाले राष्ट्रसेवकले कानून बमोजिम माग गर्न पाउने तलब भत्ता मात्र नभई सो बाहेक कुनै कामको निमित्त लिन हुन्छ भन्ने भइरहेको अरु पारिश्रमिकलाई समेत जनाउँछ ।

(ख) गर्ने मनसाय नभए पनि गरिदिन्छु भनी केही रिसवत लिने वा नगरिकन पनि केही काम गरिदिएँ भनी इनामको रुपमा रिसवत लिने राष्ट्रसेवक पनि यो दफा अन्तर्गत पर्छ ।

४. **राष्ट्रसेवक उपर प्रभाव पार्न रिसवत लिएमा दण्ड सजायः** कुनै व्यक्तिले देहायको किसिमसँग कुनै राष्ट्रसेवकलाई निजको ओहदाको वा सो सम्बन्धी कुनै काम गराउन वा नगराउन मनाउन वा निजबाट गराउन वा नगराउन मनाई दिए बापत वा सो ओहदाको वा सो सम्बन्धी कुनै काम गर्दा सो राष्ट्रसेवकलाई कुनै व्यक्ति उपर मोलाहिजा वा अनिष्ट गर्न वा नगर्न मनाउन वा मोलाहिजा वा अनिष्ट गर्न वा नगर्न मनाई दिए बापत कुनै व्यक्तिबाट आफ्नै वा अरु कसैको निमित्त कुनै रिसवत लिएमा वा लिन मञ्जुर गरेमा वा

[2] प्रशासन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०३९ द्वारा थप ।



नेपाल कानून आयोग

लिने प्रयत्न गरेमा निजलाई देहाय बमोजिम सजाय हुनेछ र रिसवत लिइसकेको भए सो रिसवत समेत जफत भई सरकारी कोषमा दाखिल गरिनेछ :-

(क) भ्रष्ट वा गैरकानूनी तरिकाबाट राष्ट्रसेवकलाई प्रभावमा पार्ने सम्बन्धमा भए कसूरको मात्रा अनुसार २ वर्षदेखि ६ वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय ।

(ख) व्यक्तिगत प्रभाव राष्ट्रसेवकलाई पार्ने सम्बन्धमा भए कसूरको मात्रा अनुसार १ वर्षदेखि २ वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय ।

५. **दुरुत्साहन गर्नेलाई दण्ड सजाय:** दफा ३ वा दफा ४ अन्तर्गत सजाय हुने कुनै कसूर गर्न दुरुत्साहन दिने व्यक्तिलाई सो दुरुत्साहन दिएबाट कसूर भएको वा नभएको जे भए तापनि कसूरको मात्रा अनुसार निज राष्ट्रसेवक भए सोही कसूरको निमित्त तोकिएको सजाय र राष्ट्रसेवक नभए त्यसको आधा सजाय हुनेछ ।

६. **कामकाजसँग सम्बन्ध भएको व्यक्तिसँग बिना मोल वा कम्ती मोलमा कुनै माल वस्तु लिने राष्ट्रसेवकलाई दण्ड सजाय:** कुनै राष्ट्रसेवकले आफ्नो ओहदाको वा सो सम्बन्धी आफूले गरेको वा गर्न लागेको कुनै काम कारबाहीमा सरोकार भएको वा हुने सम्भावना भएको वा आफ्नो कार्यालयको कामसँग सम्बन्ध भएको व्यक्ति भन्ने जानी जानी त्यस्तो व्यक्तिबाट आफ्नै निमित्त वा अरु कसैको निमित्त श्री ५ को सरकारको अनुमति नलिई बिना मोलमा कुनै माल वस्तु, पुरस्कार, वा भेटी, वा बकस, दान दातव्य, कोसेली उपहार, वा सहायताको रुपमा, वा जानी जानी कम मोलमा लिएमा वा लिन मञ्जुर गरेमा वा लिने प्रयत्न गरेमा निजलाई कसूरको मात्रा अनुसार ६ महिनादेखि ३ वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ र त्यस्तो मालवस्तु लिइसकेको भए सो जफत भई सरकारी कोषमा दाखिला गरिनेछ ।

तर त्यसरी बिना मोलमा पुरस्कार वा भेटी वा बकस वा सहायताको रुपमा कुनै माल वस्तु पाउने व्यक्तिले सकभर चाँडै त्यसको सूचना श्री ५ को सरकारमा दिएमा निजले यस दफाअन्तर्गत कसूर गरेको मानिने छैन ।

७. **गैर कानूनी लाभ वा हानी पुर्‍याउने बदनियतले राष्ट्रसेवकले काम गरेमा दण्ड सजाय:** (१) सरकारी सेवामा रहेको कुनै राष्ट्रसेवकले आफू वा अरु कुनै व्यक्तिलाई गैर कानूनी लाभ पुर्‍याउने बदनियतले, वा राष्ट्र, वा श्री ५ तथा श्री ५ को सरकार वा सरकारी मान्यता प्राप्त कुनै संस्था वा कुनै व्यक्तिलाई गैर कानूनी हानी पुर्‍याउने बदनियतले नेपाल कानून जानी जानी पालन नगरेमा वा श्री ५ तथा श्री ५ को





नेपाल कानून आयोग

सरकारसँग गरेको शपथ वा शर्त, वा कबूलियत, सम्झौता जानी जानी पालन नगरेमा, वा सरकारी सुविधा वा अधिकारको दुरुपयोग गरेमा वा त्यस्तो सुविधा वा अधिकार प्राप्त गरेमा वा ती लेखिएमध्ये कुनै काम कुरा गर्ने प्रयत्न गरेमा निजलाई कसूरको मात्रा अनुसार १ वर्षदेखि ३ वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

(२) सरकारी सेवामा रहेको बाहेक अरु कुनै राष्ट्रसेवकले आफू वा अरु कुनै व्यक्तिलाई गैर कानूनी लाभ पुऱ्याउने बदनियतले वा राष्ट्र, वा श्री ५ तथा श्री ५ को सरकार वा सरकारी मान्यता प्राप्त कुनै संस्था वा कुनै व्यक्तिलाई गैर कानूनी हानी पुऱ्याउने बदनियतले नेपाल कानून जानी जानी पालन नगरेमा, वा श्री ५ तथा श्री ५ को सरकार वा त्यस्तो कुनै संस्था वा कुनै व्यक्तिसँग गरेको शपथ, वा शर्त वा कबुलियत, वा सम्झौता जानी जानी पालन नगरेमा, वा राष्ट्रसेवकको हैसियतबाट आफूले पाएको सुविधा वा अधिकारको दुरुपयोग गरेमा वा त्यस्तो सुविधा वा अधिकार प्राप्त गरेमा वा ती लेखिएमध्ये कुनै काम कुरा गर्ने प्रयत्न गरेमा निजलाई कसूरको मात्रा अनुसार ६ महिनादेखि २ वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

[3]**८. <u>गैरकानूनी लाभ वा हानी पुऱ्याउने बदनियतले कुनै व्यक्तिले काम गरेमा दण्ड सजायः</u>** राष्ट्रसेवक बाहेक अरु कुनै व्यक्तिले आफू वा अरु कुनै व्यक्तिलाई गैर कानूनी लाभ पुऱ्याउने बदनियतले राष्ट्र वा श्री ५ तथा श्री ५ को सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको कुनै संगठित संस्था वा त्यस्तो संस्थाको पूर्ण वा आंशिक स्वामित्व भएको कुनै संगठित संस्थासँग गरेको शपथ, कबुलियत, सम्झौता, ठेक्का, लाइसेन्स, पर्मिट, प्रतिज्ञापत्र वा डिलरसिपको शर्त जानी जानी पालन नगरेमा वा श्री ५ को सरकार वा त्यस्तो संगठित संस्थाले निर्धारित गरेको नियम वा कार्यविधि वा स्वीकार गरेको शर्त जानी जानी उल्लंघन हुने गरी अन्य प्रचलित कानूनद्वारा निषेधित तबरबाट व्यवसाय गरेमा वा सरकारी वा त्यस्तो संगठित संस्थाको सुविधा वा अधिकारको दुरुपयोग गरेमा वा त्यस्तो कुनै कार्य गर्न प्रयत्न गरेमा वा मद्दत गरेमा ३ महिनादेखि ३ वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

**९. <u>गलत लिखत तयार गर्ने वा अनुवाद गर्ने राष्ट्रसेवकलाई दण्ड सजायः</u>** लिखतहरू तयार गर्ने वा अनुवाद गर्ने काम भएको कुनै राष्ट्रसेवकले राष्ट्र वा श्री ५ को सरकार वा सरकारी मान्यता प्राप्त कुनै संस्था वा कुनै व्यक्तिलाई हानी पुऱ्याउने खास बदनियतले वा हानी पुग्न सक्छ भन्ने जानी जानी कुनै लिखत तयार गर्दा वा अनुवाद गर्न गलतसँग वा

नेपाल कानून आयोग

[3] प्रशासन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०३९ द्वारा थप ।

गलत छ भन्ने जानी जानी तयार गरेमा निजलाई कसूरको मात्रा अनुसार २ वर्षदेखि ६ वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

[4]९क. **<u>प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा दण्ड सजायः</u>** श्री ५ को सरकार, लोकसेवा आयोग वा अन्य संगठित संस्थाद्वारा सञ्चालन गरिने परीक्षाको गोप्य प्रश्नपत्र निर्धारित समयभन्दा अगावै अधिकार प्राप्त अधिकारीले विशेष परिस्थिति परेको कारण जनाई खोलेमा वा खोल्न लगाएमा बाहेक कुनै राष्ट्रसेवकले आफू वा अरु कुनै व्यक्तिलाई गैर कानूनी लाभ पुऱ्याउने बदनियतले कुनै पनि प्रकारले त्यस्तो प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा वा सो गर्न लगाएमा सो गर्ने गराउने राष्ट्रसेवकलाई १ महिनादेखि १ वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

१०. **<u>गैर कानूनी खरिद बिक्री व्यापार गर्ने राष्ट्रसेवकलाई दण्ड सजायः</u>** कानूनले गर्न नपाउनेमा कुनै राष्ट्रसेवकले आफ्नै वा अरुको नामबाट वा साझेदारीमा व्यापार गरेको वा लिलाममा बढाबढ गरेमा वा कुनै फर्म वा कम्पनीको हिस्सेदार भएमा वा सरकारी सेवामा रहेकाले श्री ५ को सरकारलाई र सरकारी मान्यता प्राप्त संस्थाको सेवामा रहेकाले सो संस्थालाई पूर्व सूचना नदिई आफ्नो वा आफ्नो आश्रितको भोग वा बसोबासको निमित्त चाहिनेभन्दा बढी कुनै अचल सम्पत्ति खरिद गरेमा निजलाई कसूरको मात्रा अनुसार १ वर्षदेखि ३ वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ र त्यसरी गैर कानूनी किसिमसँग आर्जन गरेको सम्पत्ति पनि जफत भई सरकारी कोषमा दाखिल हुनेछ ।

नेपाल कानून आयोग

११. **<u>नपाएको ओहदा वा सुविधा वा अधिकार पाएँ भन्ने व्यक्तिलाई सजायः</u>** आफूले नपाएको कुनै राष्ट्रसेवकको ओहदा वा अधिकार पाएँ भनी झुक्याई सो ओहदा वा सुविधा वा अधिकारको प्रयोग गर्ने वा गर्न प्रयत्न गर्ने वा नपाएको कुनै राष्ट्रसेवकको ओहदा सम्बन्धी चिन्ह, पोशाक वा निस्सा लगाई वा देखाई हिँड्ने वा राष्ट्रसेवकको ओहदा सम्बन्धी चिन्ह, पोशाक वा निस्सा हो भन्ने अरुले विश्वास गरोस् भन्ने कपटी भावनाले त्यस्तो चिन्ह, पोशाक वा निस्सा जस्तो देखिने कुनै कुरा लगाई वा देखाई हिँड्ने व्यक्तिलाई कसूरको मात्रा अनुसार २ वर्षदेखि ४ वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

१२. **<u>राष्ट्रसेवकको ओहदाको निमित्त योग्यता, नाम इत्यादि ढाँट्ने व्यक्तिलाई दण्ड सजायः</u>** कुनै व्यक्तिले राष्ट्रसेवकको ओहदा पाउने वा सो ओहदामा बहाल रहने उद्देश्यले

[4] प्रशासन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०३९ द्वारा थप ।

शिक्षा सम्बन्धी कुनै योग्यता, नाम, तीनपुसते, उमेर, जात थर, वतन, नागरिकता वा अयोग्यता ढाँटेमा निजलाई कसूरको मात्रा अनुसार २ वर्षदेखि ६ वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

[5]१३. **राष्ट्रिय वा सार्वजनिक वा आफ्नो जिम्मा रहेको सम्पत्तिको हिनामिना, हानी नोक्सानी वा दुरुपयोग गर्ने वा मास्नेलाई दण्ड सजायः** कुनै राष्ट्रसेवकले आफ्नो ओहदाको वा सो सम्बन्धी कुरा गर्दा राष्ट्रिय वा सार्वजनिक सम्पत्ति वा आफ्नो जिम्मा वा नियन्त्रणमा रहेको राष्ट्रको वा श्री ५ वा श्री ५ को सरकारको वा सरकारी मान्यता प्राप्त कुनै संस्थाको चल अचल सम्पत्ति लापरबाही वा बदनियत वा जालसाजी गरी हिनामिना, हानी नोक्सानी वा दुरुपयोग गरे गराएमा वा मासेमा वा निजी प्रयोगमा लगाएमा वा त्यस्तो गर्ने गराउने प्रयत्न गरेमा निजलाई कसूरको मात्रा अनुसार १ वर्षदेखि ५ वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ । हिनामिना, हानी नोक्सानी वा दुरुपयोग गरेमा वा मासेको वा मास्न दिएको सम्पत्ति पनि निजबाट असूल गरिनेछ ।

१४. **गैर कानूनी दबाब दिने व्यक्तिलाई दण्ड सजायः** ज्यान मार्ने वा सम्पत्ति हरण गर्ने वा इज्जतमा धक्का पुऱ्याउने डर वा त्रास वा अरु किसिमको गैर कानूनी दबाबबाट कुनै व्यक्तिले कुनै राष्ट्रसेवकलाई यो ऐन अन्तर्गत सजाय हुने कसूर गर्न लगाएमा लगाउने प्रयत्न गरेमा निजलाई कसूरको मात्रा अनुसार ४ वर्षदेखि ८ वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

[6]१४क. **थप सजाय हुनेः** संवैधानिक अंगका पदाधिकारी, श्री ५ बाट नियुक्त वा मनोनयन हुने पदाधिकारी, श्री ५ को सरकारका विशिष्ट श्रेणीका पदाधिकारी, श्री ५ को सरकारको स्वामित्व भएको संगठित संस्थाका प्रमुख, महाप्रबन्धक वा सो सरहका पदाधिकारीले यस परिच्छेद अन्तर्गत सजाय हुने कसूर गरेको ठहरिएमा निजलाई यसै परिच्छेदमा तोकिएको कैदको सजायमा थप पाँच वर्षको कैदको सजाय हुनेछ ।

१५. **अनुमानित कसूरः** यो ऐन अन्तर्गत सजाय हुने कुनै कसूरमा अभियोग लागेको कुनै राष्ट्रसेवकको साथमा निजको र निजको परिवारका सदस्यहरूको थाहा भए सम्मको आम्दानीको स्रोतको अनुपातमा नमिल्दो आर्थिक साधन वा सम्पत्ति भएको वा निजले त्यसरी नमिल्दो उच्च जीवनस्तर बनाएको वा अरु कसैलाई ठूलो दान-दातव्य बकस दिएको फेला परेमा निजले अदालतलाई त्यसको सन्तोषजनक हुने सबूद दिन सकेमा

[5] प्रशासन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०३९ द्वारा थप ।
[6] भ्रष्टाचार निवारण (तेस्रो संशोधन) ऐन, २०४४ द्वारा थप ।



नेपाल कानून आयोग

बाहेक गैर कानूनी रुपले रिसवत लिएको अनुमान गरिनेछ । केवल सो अनुमानको आधारमा कसूरदार ठहऱ्याई अदालतबाट फैसला भएको छ भन्दैमा सो फैसला बदर हुन सक्दैन ।

१६. **बाधा-बिरोध गर्ने व्यक्तिलाई दण्ड सजाय:** कुनै व्यक्तिले यो ऐन अन्तर्गत सजाय हुने कसूर सम्बन्धी तहकिकात, वा अनुसन्धान वा कारबाहीमा गैर कानूनी बाधा विरोध गरेमा निजलाई कसूरको मात्रा अनुसार ६ महिनादेखि २ वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

[7]**१६क. मतियारलाई सजाय:** यस परिच्छेद अन्तर्गत सजाय हुने कुनै कसूरको मतियारलाई त्यस्तो कसूर गर्ने व्यक्तिलाई हुने सजायको आधा सजाय हुनेछ ।

तर कसूर गर्ने व्यक्तिलाई त्यस्तो कसूर गर्ने वा गरे बापत नगदी जिन्सी वा अन्य कुनै सुविधा उपलब्ध गराइदिने वा लिने मतियारलाई कसूर गर्ने व्यक्ति सरह नै सजाय हुनेछ ।

[8]**१६ख. झुट्ठा उजूर गर्नेलाई सजाय:** कसैले उजूर दिने मनासिव माफिकको कारण नभई खति पुऱ्याउने नियतले कुनै राष्ट्रसेवक वा व्यक्तिउपर जानी जानी झुट्ठा उजूर दिएको ठहरेमा निजलाई जरिवाना हुनेछ ।

[9]**१६ग. सम्पत्ति जफत हुने:** यस परिच्छेद अन्तर्गत सजाय हुने कसूरसँग सम्बन्धित ठहरिएको चल तथा अचल सम्पत्ति यस ऐन अन्तर्गत कसूरदार ठहरिएको राष्ट्रसेवक वा व्यक्तिले आफ्नो परिवार वा अरु कसैको नाममा राखेको भए तापनि सबै सम्पत्ति जफत हुनेछ ।

## परिच्छेद - ३

## कसूरको तहकिकात

१७. **तहकिकात:** परिच्छेद २ अन्तर्गत सजाय हुने कसूरको तहकिकात विशेष प्रहरी अधिकृतद्वारा हुनेछ ।

१८. **विशेष प्रहरी विभागको गठन:** (१) परिच्छेद - २ अन्तर्गत सजाय हुने कसूरको तहकिकातको निमित्त एक विशेष प्रहरी विभाग सोझै श्री ५ को सरकारको रेखदेख र नियन्त्रणमा रहनेछ ।

[7] प्रशासन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०३९ द्वारा थप ।
[8] प्रशासन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०३९ द्वारा थप ।
[9] भ्रष्टाचार निवारण (संशोधन) ऐन, २०२२ द्वारा संशोधित ।



नेपाल कानून आयोग

(२) विशेष प्रहरी विभागको काम, कर्तव्य तथा प्रशासनको निमित्त श्री ५ को सरकारले विशेष प्रहरी विभागको प्रमुखको रुपमा एक मुख्य अधिकृत नियुक्ति गर्नेछ र निजलाई सो काममा सहायता दिनको निमित्त आवश्यक विशेष प्रहरी अधिकृत र अरु कर्मचारीहरू रहनेछन् । परिच्छेद-२ अन्तर्गत सजाय हुने कसूरको तहकिकातको काममा निज मुख्य अधिकृतको आदेश नेपाल प्रहरी फोर्सको निमित्त सो फोर्सको प्रहरी महानिरीक्षकको आदेश सरह हुनेछ ।

(३) विशेष प्रहरी अधिकृतले लिखित आदेश दिएर कुनै व्यक्तिलाई वा सरकारी कर्मचारीलाई केही समयको निमित्त म्यादी तथा अस्थायी विशेष प्रहरी अधिकृत नियुक्त गरी वा तोकी वा खटाई परिच्छेद-२ अन्तर्गत सजाय हुने कसूरको तहकिकात गरी वा तोक वा खटाई परिच्छेद-२ अन्तर्गत सजाय हुने कसूरको तहकिकातको सम्बन्धमा काम लगाउन सक्नेछ र यसप्रकारको म्यादी तथा अस्थायी नियुक्तिलाई रीतपूर्वकको नियुक्ति नभएको भन्ने प्रश्न उठाइने छैन ।

१९. **विशेष प्रहरी अधिकृतको काम, कर्तव्य र अधिकार:** (१) परिच्छेद-२ अन्तर्गत सजाय हुने कसूर विशेष प्रहरी अधिकृतको उपस्थितिमा हुन आएमा कसूरदारलाई विशेष प्रहरी अधिकृतले गिरफ्तार गर्न र कारबाही गर्न सक्नेछ ।

[10](२) परिच्छेद-२ अन्तर्गत सजाय हुने कसूरको सम्बन्धमा मौका तहकिकात वा अनुसन्धान गर्दा वा सबूद प्रमाण सङ्कलन गर्दा कसूरमा मुछिएको व्यक्तिलाई गिरफ्तार गर्न सरकारी, अर्ध सरकारी वा गैर सरकारी कार्यालय, गोदाम वा अन्य स्थानको खानतलासी लिने, सम्बन्धित कागजपत्र वा अन्य मालवस्तु आफ्नो जिम्मा लिने, अभियुक्तलाई बयान गराउने, सरजमिन मुचुल्का तयार गर्ने समेत प्रचलित कानून बमोजिम प्रहरीले पाए सरहको सबै अधिकार, कर्तव्य र सुविधा र दायित्व विशेष प्रहरी अधिकृतलाई प्राप्त हुनेछ । त्यस्तो तहकिकात र अनुसन्धान गर्दा अभियुक्तलाई तारेखमा राख्ने, धरौटी वा जमानी लिई छाड्ने र धरौटी राख्न वा जमानी दिन नसकेमा थुन्नेबारे अदालतलाई भए सरहको अधिकार पनि आवश्यकता अनुसार विशेष प्रहरी अधिकृतले प्रयोग गर्न पाउनेछ ।

(३) गिरफ्तार गरिएको व्यक्तिलाई प्रचलित प्रहरी सम्बन्धी कानूनले दिएको अधिकारभन्दा बढी समयसम्म हिरासतमा राख्न परे विशेष प्रहरी अधिकृतले यो ऐन

नेपाल कानून आयोग

[10] प्रशासन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०३९ द्वारा थप ।

अन्तर्गत तोकिएको वा गठित अदालतको न्यायाधिशको अनुमति लिई थप ३ महिनासम्म हिरासतमा राख्न सक्नेछ ।

(४) जुन बेला विशेष प्रहरी अधिकृत जुन इलाकामा पुगेको हुन्छ त्यसबेला निजले आफ्नो दर्जाको वा सो इलाकाको प्रहरी थाना र चौकीको अधिकृत इन्चार्जको अधिकार परिच्छेद-२ अन्तर्गत सजाय हुने कसूर सम्बन्धी काममा प्रयोग गर्न सक्छ ।

## परिच्छेद-४

## विभागीय कारबाही

[11]२०. **राष्ट्रसेवक उपर विभागीय कारबाहीः** (१) सरकारी सेवामा रहेका राजपत्र अनंकित राष्ट्रसेवकले परिच्छेद-२ अन्तर्गत सजाय हुने कसूर गरेको अभियोगको सिलसिलामा विशेष प्रहरी अधिकृतले मौका तहकिकात र अनुसन्धान गरेको मुद्दामा विशेष प्रहरी विभागले निजामती सेवा ऐन र निजामती सेवा नियमावली तथा प्रहरी ऐन र [12]प्रहरी नियमावली अन्तर्गतको विभागीय कारबाही र सजाय त्यस्तो राष्ट्रसेवकलाई दिन सक्नेछ र यस प्रसङ्गमा बेग्लै विभागीय कारबाही गरिरहनु पर्ने छैन ।

(२) सरकारी सेवामा रहेका राजपत्रांकित वा सोभन्दा माथिको दर्जाको राष्ट्रसेवकले परिच्छेद-२ अन्तर्गत सजाय हुने कसूर गरेको अभियोगको सिलसिलामा विशेष प्रहरी अधिकृतले मौका तहकिकात र अनुसन्धान गरेको मुद्दामा विशेष प्रहरी विभागले निजामती ऐन र निजामती सेवा नियमावली तथा प्रहरी ऐन र [13]प्रहरी नियमावली अन्तर्गतको विभागीय कारबाही र जाँचबुझ गर्ने अधिकृतले गर्नुपर्ने काम कारबाही गरी त्यस्तो राष्ट्रसेवकलाई विभागीय सजाय दिन राय ठहर साथ स्वीकृतको निमित्त श्री ५ को सरकारमा जाहेर गर्न सक्नेछ ।

[14](३) संगठित संस्थामा बहाल रहेको कुनै राष्ट्रसेवकले परिच्छेद-२ अन्तर्गत सजाय हुने कसूर गरेको अभियोगको सिलसिलामा विशेष अधिकृतले मौका तहकिकात र अनुसन्धान गरेपछि विशेष प्रहरी विभागले त्यस्तो राष्ट्रसेवकलाई विभागीय सजाय दिन

[11] भ्रष्टाचार निवारण (संशोधन) ऐन, २०२२ द्वारा संशोधित ।
[12] प्रशासन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०३९ द्वारा थप ।
[13] प्रशासन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०३९ द्वारा थप ।
[14] भ्रष्टाचार निवारण (संशोधन) ऐन, २०२२ द्वारा थप ।

राय ठहर साथ सम्बन्धित संगठित संस्थाको अधिकार प्राप्त अधिकारी छेउ पठाउन सक्नेछ [15]र संगठित संस्थाले पनि यथाशिघ्र विभागीय कारबाही गर्नुपर्नेछ।

[16]२१. **पुनरावेदन र पुनरावेदन दिने म्याद:** दफा २० को उपदफा (१) र (२) अन्तर्गत विभागीय सजायको आदेश पाएको राष्ट्रसेवकले निज उपर दफा २४ अनुसार मुद्दा चलाइएकोमा सो मुद्दा हेर्ने अदालतबाट मुद्दाको किनारा भएको मितिले र मुद्दा नचलाइएकोमा विभागीय सजायको आदेशको सूचना पाएको मितिले पैंतीस दिनभित्र विभागीय सजायको आदेश उपर प्रशासकीय अदालतमा पुनरावेदन गर्न सक्नेछ।

[17]२१क. **सेवामा पूनः स्थापित हुने:** कुनै राष्ट्रसेवक उपर दफा २४ बमोजिम मुद्दा चलाइएकोमा निजले आफूलाई लागेको अभियोगमा सम्बन्धित अदालतबाट सफाई पाएमा निज आफ्नो सेवामा पुनः स्थापित हुनेछ।

तर निजले सम्बन्धित अदालतबाट सफाई पाउने गरी फैसला भएको सूचना पाएको मितिले तीन महिनाभिब सम्बन्धित कार्यालयमा उपस्थित हुन नआएमा निजको नोकरी थामी दिन बाध्य हुने छैन।

२२. **राष्ट्रसेवक बाहेक अरुको सम्बन्धमा:** कुनै व्यक्तिले परिच्छेद-२ अन्तर्गत सजाय हुने कसूर गरेको अभियोगको सिलसिलामा विशेष प्रहरी अधिकृतले मौका तहकिकात र अनुसन्धान गरेको मुद्दामा विशेष प्रहरी विभागको सूचना अनुसार त्यस्तो व्यक्तिलाई कुनै सरकारी ठेक्का वा लाइसेन्स वा परमिट केही समयको निमित्त नदिने गरी अदालतबाट कसूरदार ठहरी सजाय पाएको भए त्यस्तो व्यक्तिलाई विशेष प्रहरी विभागको सूचना अनुसार केही खास अवधि वा सधैंको लागि कुनै सरकारी ठेक्का वा लाइसेन्स वा परमिट नदिने गरी श्री ५ को सरकारले निर्णय गर्न सक्नेछ।

२३. **स्वत: [18]निलम्बन भएको मानिने:** परिच्छेद-३ अन्तर्गतको तहकिकातको सिलसिलामा हिरासतमा रहेको राष्ट्रसेवक त्यसरी हिरासतमा रहेको अवधिभर स्वतः [19]निलम्बन भएको मानिनेछ।

## परिच्छेद-५

[15] प्रशासन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०३९ द्वारा थप।
[16] प्रशासन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०३९ द्वारा संशोधित। यो दफा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको मितिदेखि प्रारम्भ हुने।
[17] प्रशासन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०३९ द्वारा संशोधित। यो दफा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको मितिदेखि प्रारम्भ हुने।
[18] प्रशासन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०३९ द्वारा थप।
[19] प्रशासन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०३९ द्वारा थप।

## अदालती कारबाही

२४. **मुद्दा चलाउनेः** [20](१) परिच्छेद-२ अन्तर्गत सजाय हुने कसूरको अभियोग लागेमा सरकारी सेवामा रहेका कुनै राष्ट्रसेवक उपर दफा २० बमोजिम विभागीय कारबाही र सजाय भइसकेपछि विशेष प्रहरी अधिकृतले राजपत्रअनंकित राष्ट्रसेवक सम्बन्धी भए श्री ५ को सरकारको पूर्व स्वीकृति नलिइकन र राजपत्रांकित वा सो भन्दा माथिल्लो दार्जाको राष्ट्रसेवक सम्बन्धी भए श्री ५ को सरकारको स्वीकृति लिइकन सरकारी वकिलको राय अनुसार सोझै अदालतमा मुद्दा दायर गर्न सक्नेछ । यसरी मुद्दा दायर गर्ने वा नगर्ने निर्णय भएको सूचना विशेष प्रहरी अधिकृतले सम्बन्धित राष्ट्रसेवकलाई दिनु पर्नेछ ।

(२) परिच्छेद-२ अन्तर्गत सजाय हुने कसूरको अभियोग लागेका गैरसरकारी राष्ट्रसेवक वा अरु व्यक्तिउपर अदालतमा मुद्दा चलाउन विशेष प्रहरी अधिकृतले श्री ५ को सरकारको स्वीकृति लिइरहनु पर्दैन ।

[21]**२४क.हदम्यादः** यस ऐन बमोजिम मुद्दा दायर गर्ने हदम्याद कायम गर्दा सरकारी वा सार्वजनिक सम्पत्ति वा श्री ५ को सरकारको स्वामित्व भएको संस्थाको सम्पत्ति हिनामिना गरी भ्रष्टाचार गरेकोमा कुनै हदम्याद लाग्ने छैन । सो बाहेक अरु भ्रष्टाचारको कसूरमा विभागीय कारबाही समाप्त भएको मितिले ६ महिनाको र विभागीय कारबाही नभएकोमा अनुसन्धानको कारबाही सुरु भएको मितिले २ वर्षको हदम्याद हुनेछ ।

तर एउटै अपराधमा विभागीय कारबाही भएको र नभएको व्यक्ति मुछिएका रहेछन् भने ६ महिना वा दुई वर्षमध्ये जुनपछि आउँछ सोही हदम्याद कायम हुनेछ ।

२५. **सरकार वादी हुनेः** परिच्छेद-२ अन्तर्गत सजाय हुने कसूरको अभियोगमा अदालतमा चलाईने सबै मुद्दाहरू सरकार वादी भई विशेष प्रहरी अधिकृतको नामबाट दायर गरिनेछ र विशेष प्रहरी अधिकृत बाहेक अरु कसैको नामबाट यस प्रकारको मुद्दा दायर गर्न सकिने छैन ।

[20] प्रशासन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०३९ द्वारा थप । यो दफा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको मितिदेखि प्रारम्भ हुने ।

[21] प्रशासन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०३९ द्वारा थप ।



नेपाल कानून आयोग

२६. [22]**निलम्बनमा रहने:** [23]………. अभियुक्त राष्ट्रसेवक उपर यस परिच्छेद अन्तर्गत अदालतमा मुद्दा दायर हुनासाथ अभियुक्त राष्ट्रसेवक तत्काल [24]निलम्बनमा रहेको रहेनछ भने स्वत: [25]निलम्बनमा रहनेछ।

२७. **अदालतको अधिकार क्षेत्र:** [26](१) परिच्छेद-२ अन्तर्गत सजाय हुने कसूर सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्ने अधिकार क्षेत्र [27]जिल्ला अदालतको हुनेछ।

(२) [28]………………

(३) यस परिच्छेद बमोजिम परेको मुद्दामा ३ पटकमा ३० दिनभन्दा बढीको [29]म्याद तारेख थाम्न पाइने छैन।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत सजाय हुने कसूरमा अभियुक्त इन्कार भए पनि तत्काल प्राप्त प्रमाणबाट निजले त्यस्तो कसूर गरेको देखिएमा वा गरेको हुनसक्छ भनी विश्वास गर्नुपर्ने मनासिब माफिकको कारण भएमा उक्त अदालतले अभियुक्तबाट धरौट वा जमानत माग गर्न सक्नेछ।

२८. [30]……………

[31]२९. **बिगो र जरिवानाको हदबारे:** (१) यस ऐनको अन्य दफामा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले परिच्छेद-२ अन्तर्गत सजाय हुने कसूर गरी त्यसबाट आफू वा अन्य कुनै व्यक्तिलाई गैर कानूनी लाभ वा कुनै व्यक्तिलाई गैर कानूनी हानी पुऱ्याएको रहेछ भने त्यस्तो कसूर बापत हुने सजायको अतिरिक्त तयस्तो व्यक्तिसँग गैर कानूनी लाभ वा गैर कानूनी हानी गरेको बिगो असूल गरिनेछ।

(२) परिच्छेद-२ अन्तर्गत सजाय हुने कसूरको सम्बन्धमा जरिवाना तोक्दा जरिवानाको माथिल्लो हद रु.५,०००।- पाँच हजार हुनेछ।

नेपाल कानून आयोग

---

22 प्रशासन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०३९ द्वारा थप।
23 प्रशासन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०३९ द्वारा झिकिएको।
24 प्रशासन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०३९ द्वारा थप।
25 प्रशासन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०३९ द्वारा थप।
26 न्याय प्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ द्वारा संशोधित।
27 न्याय प्रशासन ऐन, २०४८ द्वारा संशोधित।
28 न्याय प्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ द्वारा झिकिएको।
29 भ्रष्टाचार निवारण (संशोधन) ऐन, २०२२ द्वारा थप।
30 ……………
31 ……………

तर [32]……….. बिगो रु.५,०००।- पाँच हजारभन्दा बढी भएमा सो बिगो बमोजिम जरिवाना हुनेछ ।

३०. **अरु प्रचलित नेपाल कानून बमोजिम मुद्दा चल्ने:** यस परिच्छेदमा लेखिएको कुनै कुराले कुनै व्यक्तिमाथि अरु नेपाल कानून बमोजिम अन्य अदालत वा अड्डाहरूमा कसैले मुद्दा चलाउन पाउनेमा बाधा पुऱ्याएको मानिने छैन ।

परिच्छेद-६

## विविध

[33]३१. **अधिकार प्रयोग गर्न पाउने र प्रत्यायोजन गर्न सकिने:** (१) यस ऐन अन्तर्गत विशेष प्रहरी विभागलाई प्राप्त अधिकारहरूको सर्वमान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी यस ऐन बमोजिम विशेष प्रहरी विभागको सबै अधिकार [34]प्रमुख जिल्ला अधिकारीले पनि आफ्नो क्षेत्रभित्र प्रयोग गर्न पाउनेछ । कुनै [35]प्रमुख जिल्ला अधिकारीले वा निजले खटाएको कुनै विशेष प्रहरी अधिकृतले सो [36]प्रमुख जिल्ला अधिकारीले अधिकार क्षेत्रभित्रका यो ऐन अन्तर्गत कसूरको सिलसिलामा तहकिकात कारबाही गर्दा सो क्षेत्र बाहिर गई गरेको भए पनि सोही कारणले मात्र त्यस्तो तहकिकात कारबाही गैर कानूनी मानिने छैन ।

(२) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै सरकारी कर्मचारीलाई स्थायी रुपमा विशेष प्रहरी अधिकृतको अधिकार र कर्तव्य सुम्पन सक्नेछ ।

(३) विशेष प्रहरी विभागमा मुख्य अधिकृतले सो विभागको सबै वा केही अधिकार सो विभागको कुनै विशेष प्रहरी अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

[37]**३१क.** …………………

[38]**३१ख. सम्बन्धित व्यक्ति बुझ्ने र जरिवाना गर्नेबारे:** (१) परिच्छेद-२ अन्तर्गत सजाय हुने कसूरको तहकिकात वा अनुसन्धानको सिलसिलामा कुनै व्यक्तिसँग केही कुरा बुझ्नु

[32] प्रशासन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०३९ द्वारा झिकिएको ।
[33] भ्रष्टाचार निवारण (संशोधन) ऐन, २०२२ द्वारा संशोधित ।
[34] भ्रष्टाचार निवारण (चौथो संशोधन) ऐन, २०४८ द्वारा संशोधित ।
[35] भ्रष्टाचार निवारण (चौथो संशोधन) ऐन, २०४८ द्वारा संशोधित ।
[36] भ्रष्टाचार निवारण (चौथो संशोधन) ऐन, २०४८ द्वारा संशोधित ।
[37] भ्रष्टाचार निवारण (संशोधन) ऐन, २०२२ द्वारा संशोधित ।
[38] भ्रष्टाचार निवारण (संशोधन) ऐन, २०२२ द्वारा संशोधित ।



नेपाल कानून आयोग

परेमा [39]....... विशेष प्रहरी अधिकृतले त्यस्तो व्यक्तिलाई आफू छेउ उपस्थित हुन आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको आदेश उल्लङ्घन गर्ने व्यक्तिलाई [40]........ विशेष प्रहरी अधिकृतले बढीमा रु.५००।- पाँच सयसम्म जरिवाना गर्न सक्नेछ ।

[41]**३१ग. पुरस्कार दिने:** परिच्छेद-२ अन्तर्गत सजाय हुने कसूर गरेको सुराक लगाई जाहेर गरी तत्सम्बन्धी अनुसन्धान, मौका तहकिकात वा अन्य सबूद प्रमाणको सङ्कलनमा सहयोग पुऱ्याउने व्यक्तिलाई त्यस्तो जाहेरी बिगो सम्बन्धी रहेछ भने उजूरीको अन्तिम किनारा भएपछि असूल भएको बिगोको १० प्रतिशतले हुने रकम पुरस्कार स्वरुप दिइनेछ ।

**३२. नियम बनाउने अधिकार:** यो ऐनको उद्देश्यहरूलाई पूर्ति गर्नको लागि श्री ५ को सरकारले नियमहरू बनाउन सक्नेछ ।

**३३. खारेजी:** राष्ट्रसेवकको (भ्रष्टाचार निवारण) ऐन २०१३, (राष्ट्रसेवकहरूको भ्रष्टाचार निवारण (संशोधन) ऐन, २०१५ सहित) खारेज गरिएको छ ।

**३४. खारेजीको परिणाम:** (१) यो ऐन प्रारम्भ हुनुभन्दा अगाडि राष्ट्रसेवकहरूको (भ्रष्टाचार निवारण) ऐन अन्तर्गत विशेष प्रहरी विभागबाट तहकिकात भएका वा हुन बाँकी वा अदालतमा मुद्दा चलेका सबै मुद्दाहरू अवस्थानुसार यस ऐन अन्तर्गत गठन भएको विशेष प्रहरी विभागमा सरेको वा यस विभागले दायर गरेको सम्झिइनेछ ।

(२) यो ऐन प्रारम्भ हुनभन्दा पहिलेको नेपाल भ्रष्टाचार निवारण ऐन, २००९ र राष्ट्रसेवकहरूको (भ्रष्टाचार निवारण) ऐन २०१३, (राष्ट्रसेवकहरूको भ्रष्टाचार निवारण (संशोधन) ऐन, २०१५ सहित) अन्तर्गतका कसूरहरूमा कारबाही तहकिकात र विभागीय कारबाही यस ऐन अन्तर्गत गरिनेछ ।

(३) दफा २७ अनुसार श्री ५ को सरकारले कुनै अर्को व्यवस्था नगरेसम्म राष्ट्रसेवकहरूको (भ्रष्टाचार निवारण) ऐन, २०१३ अन्तर्गत गठन गरिएको विशेष अदालत यसै ऐनको दफा २७ अन्तर्गत गठन गरिएको मानिनेछ ।

नेपाल कानून आयोग

[39] प्रशासन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०३९ द्वारा झिकिएको ।
[40] प्रशासन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०३९ द्वारा झिकिएको ।
[41] प्रशासन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०३९ द्वारा थप ।

[42]**३५. बाझिएमा गर्नेः** प्रचलित अन्य नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरूमा लेखिएकोमा सोही बमोजिम र अरुमा प्रचलित अन्य नेपाल कानून बमोजिम हुनेछ ।

**द्रष्टव्यः**

(१) नेपाल कानून (संशोधन) ऐन, २०२४ द्वारा रुपान्तरण भएका शब्दहरूः-

(क) "पुलिस" को सट्टा "प्रहरी"

(ख) "गजेट" को सट्टा "राजपत्र"

(ग) "अफिसर" को सट्टा "अधिकृत"

(२) प्रहरी (पहिलो संशोधन) ऐन, २०१९ द्वारा रुपान्तर भएको शब्द :-

"इन्सपेक्टर" को सट्टा "महानिरीक्षक"

(३) न्याय प्रशासन (विविध व्यवस्था) (संशोधन) ऐन, २०१९ द्वारा रुपान्तर भएका शब्दहरूः-

"इलाका अदालत" को सट्टा "जिल्ला अदालत"

(४) भ्रष्टाचार निवारण (चौथो संशोधन) ऐन, २०४८ को दफा ३ निम्न रुपमा छः-

(३) मिसिलहरू सार्नेः यो ऐन प्रारम्भ हुनुभन्दा अघि मूल ऐनको दफा ३१ को उपदफा (१) बमोजिम विशेष प्रहरी विभागको अधिकार प्रयोग गरी अञ्चलाधिश आफैँले वा निजले खटाएको विशेष प्रहरी अधिकृतले तहकिकात र कारबाही गरी फछ्र्यौट गर्न बाँकी रहेका मिसिलहरू एक जिल्लासँग सम्बन्धित भए सम्बन्धित प्रमुख जिल्ला अधिकारी कहाँ र एकभन्दा बढी जिल्लासँग सम्बन्धित भए श्री ५ को सरकारले तोकिदिएको प्रमुख जिल्ला अधिकारी कहाँ सर्नेछन् ।

नेपाल कानून आयोग

[42] नेपाल ऐनहरू संशोधन गर्ने, खारेज गर्ने र पुनः व्यवस्थित गरी चालू राख्ने ऐन, २०१९ द्वारा संशोधित ।